नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
# प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-४७१९८०२, ०१-४७१९८०६
Ext. : ०१-४७४१५००, १११, ११२

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्याः (०८२/०८३) च.नं.:-
मितिः २०८२।०५।०१ गते
प्रा.प.सं. :
ने.सं.: ११४५

विषयः **प्रेस विज्ञप्ति।**

मिति २०८२।०४।३१ गते केही अनलाईन तथा सामाजिक सञ्जालमा सम्प्रेषित "**१३ जना प्रहरी कर्मचारीलाई प्रहरी प्रधान कार्यालयको उजुरी छानबिन शाखाले एक नम्बर गणभित्र एरिया हद (एक प्रकारको नजरबन्द) तोकेर एक वर्षभन्दा बढी समयदेखि गैरकानुनी रूपमा राखिएको छ**" समाचारको सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त समाचारमा उल्लेख भए अनुसारका कुनै पनि प्रहरी कर्मचारीहरूलाई नजरबन्दमा नराखि प्रहरी आचरण विपरीत काम गर्ने केही प्रहरी कर्मचारीहरूको सम्बन्धमा पटक-पटक आम सर्वसाधारणहरूबाट गुनासो तथा उजुरी प्राप्त भएकोले निजहरूलाई प्रहरी नियमावली बमोजिम आवश्यक छानबिनको लागी नेपाल प्रहरी प्रधान कार्यालय, सुपरिवेक्षण तथा अनुगमन महाशाखाले झिकाई अनुसन्धान कार्य भइरहेकोले उक्त अनलाइन पत्रिकामा प्रकाशित समाचारमा कुनै पनि सत्यता नरहेको साथै नेपाल प्रहरी कानुन कार्यान्वयन तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा सदैव प्रतिबद्ध रहेको व्यहोरा समेत सबैमा जानकारी गराउन चाहन्छु।

प्रहरी नायव महानिरीक्षक
(विनोद घिमिरे)
केन्द्रीय प्रहरी प्रवक्ता